नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष २९ | अंक २१५ | २०७७ साल असार ४ गते बिहीबार (18 June 2020 Thursday) | मूल्य रु. ५/-

**Log on : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : नागरिकता विधेयक अंगीकृत ... ३ पृष्ठमा : गणतन्त्रले भ्रष्ट र ... ३ पृष्ठमा :कोरोना भाइरसको विश्वमा ४ लाख ...

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- हुलदङ्गा गर्नेलाई दुई वर्षसम्म कैद र बीस हजार रुपैयासम्म जरिवाना हुने,
- सार्वजनिक स्थानमा आवागमनमा बाधा गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- सार्वजनिक सेवा अवरुद्ध गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- सार्वजनिक शान्ति भङ्ग गर्ने, हुलदंगा गर्ने वा सार्वजनिक सम्वन्धलाई खलल पार्ने नियतले झुठ्ठा अफवाह फैलाउनेलाई एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिवाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

# सरकारबिरुद्ध यूवाहरुको प्रदर्शन

**दैनिक समाचारदाता**
**राजविराज, ३ असार ।**

कोरोना भाइरस महामारी बिरुद्ध सरकारको प्रयास कमजोर रहेको तथा अव्यवस्थित क्वारेन्टाइनका कारण विभिन्न घटना हुन थालेको भन्दै बुधबार राजविराजमा यूवाहरुले प्रदर्शन गरेका छन् ।

यूवाहरुले नयाँ नक्साका लागि धन्यवाद छ सरकार, अब द्रुत गतिमा अघि बढाऊ पिसिआर, मापदण्ड विपरीतका क्वारेन्टाइन बन्द गर लगायतका नाराहरु लखिएका प्लेकार्डसहित बजार क्षेत्र परिक्रममा गरेका थिए ।

प्रदर्शनमा सहभागिहरुले कोरोना भाइरस महामारी राकेथाम तथा नियन्त्रणमा ध्यान नदिई सरकार भ्रष्टचारमा लिप्त रहेको तथा मापदण्ड विपरीतका क्वारेन्टाइन निर्माणका कारण क्वारेन्टाइन नै संक्रमण बढाउने र अपराधको कारखाना बन्दै गएको बताए ।

उनीहरुले सुस्त गतिमा भइरहेको पिसिआर परिक्षणमा तिब्रता दिनु पर्ने तथा कोरोना जोखिम नियन्त्रणका लागि खडा गरिएको कोषबाट भएको सम्पूर्ण आम्दानी र खर्च विवरण सार्वजनिक गर्नुपर्ने माँग समेत गरेका छन् ।




स्थानिय राजरंगशालाबाट सामाजिक दुरी कायम गर्दै सुरु भएको प्रदर्शन नगरको विभिन्न

*बाँकी अन्तिम पृष्ठमा*

# नेपालमा कोरोना संक्रमितको संख्या ७ हजार १ सय ७७ पुग्यो

**दैनिक समाचारदाता**
**काठमाडौं, ३ असार ।**

नेपालमा बुधबार अहिलेसम्मकै ठूलो संख्यामा कोरोना संक्रमितहरु थपिएका छन् ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार बुधबार ५ सय ८६ जना नयाँ संक्रमित थपिएसँगै नेपालमा कोरोना संक्रमितको संख्या ७ हजार १ सय ७७ पुगेको हो । हालसम्म देशका ७७ मध्ये ७३ जिल्लामा संक्रमण देखिएको छ ।

*बाँकी अन्तिम पृष्ठमा*

**नेपालको संविधान तथा फौजदारी अपराध (संहिता) ऐन लगायत विद्यमान कानुनहरुले व्यक्ति, समुदाय, राज्य, लिंग, जाति, भाषा, धर्म, क्षेत्रको भावनामा आघात पुऱ्याउने गरी कुनै पनि प्रकारको भाषा, साहित्य, लेख, रचना, गीत, चलचित्र, भिडियो निर्माण, प्रकाशन तथा प्रशारण गर्नुलाई फौजदारी कसुर ठहर्ने हुँदा जान अन्जानमा त्यस्ता कसुर नगरौं/नगराऔं ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**नोवेल कोरोना भाइरस (COVID-19) सामान्य रुघाखोकी भन्दा जटिल सङ्क्रमण हो, हालसम्म यसको उपचारको लागि औषधी पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उत्तम उपायहरु:**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुन पानीले राम्रोसँग हात धुने,
- अनावश्यकरुपमा घर बाहिर र भिडभाडमा नजाने,
- खोक्दा र हाच्छयुँ गर्दा नाक र मुख कुहिनोले छोप्ने,
- कुनै पनि व्यक्तिसँग तीन फिटको दुरी कायम गर्ने,
- जंगली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने,
- सकेसम्म पशुजन्य मासु नखाने,
- ज्वरो, रुघा र खोकी तथा स्वासप्रस्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने,
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु जम्माखोरी, कालोबजारी तथा लुकाइराखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने,

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# स्वास्थ्यकर्मी संक्रमित भएपछि स्वास्थ्य सेवा ठप्प

**दैनिक समाचारदाता**
**राजविराज, ३ असार ।**

कोरोना भाइरसबाट स्वास्थ्यकर्मी नै संक्रमित भएपछि सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकास्थित स्वास्थ्य चौकीको सम्पूर्ण सेवा ठप्प गरिएको छ ।

उक्त स्वास्थ्य चौकीमा कार्यरत एक स्वास्थ्यकर्मीमा कोरोना भाइरसको संक्रमण पुष्टि भएसँगै सुरक्षाका लागि भन्दै गत आइतबारदेखी सबै सेवा बन्द गरिएको हो ।

स्वास्थ्य चौकीबाट हनुमाननगरस्थित क्वारेन्टाइन केन्द्रमा खटिएका एक स्वास्थ्यकर्मी कोरोना संक्रमित भएपछि सुरक्षाका लागि हाल स्वास्थ्य चौकीबाट प्रदान गरिने सबै सेवा बन्द गरिएको स्वास्थ्य संयोजक रामदेव यादवले जानकारी दिएका छन् ।

यस्तै संक्रमित स्वास्थ्यकर्मीको सम्पर्कमा आएका सोही स्वास्थ्य चौकीका अन्य पाँच जना स्वास्थ्यकर्मीलाई हाल होम क्वारेन्टाइनमा राखिएकाले उक्त स्वास्थ्य चौकीको सेवा प्रभावित बनेको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादवले बताए ।

उनका अनुसार गत शनिबार कोरोना संक्रमित पुष्टि भएका स्वास्थ्यकर्मीलाई अहिले साईकृष्णा अस्पतालको आइसोलेशन कक्षमा राखी उपचार भइरहेको छ ।

उनले होम क्वारेन्टाइनमा राखिएका स्वास्थ्यकर्मीहरुको पनि स्वाब संकलन गरि परिक्षणका लागि पठाइसकिएको र रिपोर्ट आएपछि सोही अनुसार सेवा पुन:संचालन बारे आवश्यक निर्णय लिइने जानकारी पनि दिए ।

यसअघि सप्तरीको बोदेबसाईनस्थित क्वारेन्टाइनमा खटिएका एक जना स्वास्थ्यकर्मीमा पनि कोरोना पोजेटिभ देखिएको थियो ।

नोभल कोरोना भाईरस (COVID-19) रोगको संक्रमणबाट बच्न अत्यावश्यक काम बाहेक सीमावर्ती क्षेत्रमा आवतजावत नगर्नु हुन सम्पूर्ण नेपाली नागरिकहरुलाई सूचित गरिन्छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

**देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।**

हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit
WESTERN UNION MONEY TRANSFER
Best Remit Quick & Easy
Prabhu Money Transfer
City Express Money Transfer
IME International Money Express
IME pay wallet
himal remit हिमालरेमिट
CG Money
MoneyGram money transfer

## सम्पादकीय ....

### बिरोधका स्वरलाई साम्य पार्नु आवश्यक

नेपालसहित अहिले सम्पूर्ण विश्व कोरोना भाइरसको महामारी बिरुद्ध लड्दै छ । यस्तो बेलामा विश्वका सबै राष्ट्रहरुले कोरोनालाई कसरी परास्त गर्ने तर्फ सम्पूर्ण ध्यान केन्द्रित गरिरहेको छ । तर, नेपालमा भने कोरोना भाइरसको नियन्त्रण तथा व्यवस्थालाई बिरोध समेत भइरहेको छ । सरकारले कोरोना भाइरसको नियन्त्रण तथा रोकथामको प्रयासमा झण्डै १० अर्ब रकम खर्चेको सार्वजनिक गरेपछि विभिन्न स्तरबाट यसको हरहिसाब सार्वजनिक गर्न भन्दै बिरोध भइरहेको छ ।

नेपाल जस्तो गरिब मुलुकमा कोरोनाको नाममा यत्रो ठूलो रकम खर्चेको कुरा पत्यार नलागेको भन्दै स्वास्थ्य क्षेत्रमा भ्रष्टाचार भएको दाबी गर्दै यूवाहरुले बिरोध गरिरहेका छन् । कोरोना रोकथाम तथा नियन्त्रणमा स्वास्थ्य क्षेत्रमा रकम खर्चिए पनि त्यसमा सकारात्मक सुधार नआएको बरु कोरोना संक्रमितको परिक्षणको दायरा फराकिलो नभएको, अव्यवस्थित क्वारेन्टाइनलगायको बिषयलाई लिएर बिरोध हुने क्रम जारि नै रहेको छ ।

तसर्थ स्वास्थ्य जस्तो संवेदनशिल क्षेत्रमा सबै गम्भिर भएर लाग्नु पर्ने समयमा सम्बन्धीत क्षेत्रको लापरवाही भइरहेको विषयमा सरकार गम्भिर हुनु आवश्यक छ भने रोगलाई नियन्त्रणलाई गर्न सबैको सहयोग अपरिहार्य रहेको छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# नागरिकता विधेयक अंगीकृत नागरिकता र विभेदीकरण



अमरनाथ मण्डल

वर्तमान परिस्थितिमा राज्यको शासक वर्गहरुद्वारा वर्षौ देखि मधेश र मधेशी माथि गरिएका विभेदीकरणको तान्डव नाचले गर्दा मधेशी, आदीवासी, जनजाति तथा थारु लगायत जातजातिहरु पिडाको सिकार बन्दै आएको हाम्रो सामु विदिदै रहेको छ । अधिकार प्राप्तिको लागि समय समयमा भएका आन्दोलनहरुको षड्यन्त्रपूर्वक विसर्जन गरी मधेशी समुदाय लगायत जनजाति तथा मुस्लिम समुदाय माथि विभेदीकरणको नितिलाई लादने प्रयास गरेको देखिएको छ ।

यसै क्रममा नागरिकता विधेयकले अहिले चर्चा पाएको छ । एक वर्ष देखि पेन्डिङ्गमा रहेका नागरिकता ऐन २०६३ संशोधन विधेयक पेन्डिङ्गमा रहेकोले अहिले राज्य व्यवस्था समितिले विदेशी महिलाले नेपाली पुरुषसँग विवाह गरेपछि सात वर्ष पछि मात्र अंगीकृत नागरिकता दिन सक्ने प्रस्ताव गरेको छ तर सो विवेकमा सहमति जुटेको छैन । राज्य व्यवस्था समितिमा मधेशी दलका नेताहरुको उपस्थिति विना नै सहमतिको निकास खोज्ने प्रयास गरेको कारणले गर्दा सहमति जुट्न नसकेको देखिएको छ । त्यस्तै नेपाली कांग्रेसले पुरानै व्यवस्था अर्थात विदेशीसँग विवाह गरेर आएपछि लगत्तै देखि नागरिकता लिनका लागि प्रक्रिया चाल्न मिल्ने व्यवस्था अघि बढाउन माग गरेका छन् ।

नेपाल र भारतको वैवाहिक सम्बन्ध देखि लिएर बेटीरोटीको सम्बन्ध तथा नङ्गमासुको सम्बन्ध वर्षौ देखि रहेको सन्दर्भ लिएर नेपालका ५० प्रतिशत हराहरीका जनसंख्या रहेका मधेश र त्यसमा बसोबास गरिरहेको मधेशी समुदायहरुको वैवाहिक परम्परा तथा गतिविधिहरु सदियौं देखि भारतसँग रहेको अवस्थामा प्रस्तावित नागरिकता संशोधन विधेयकले भारतीय अर्थात विदेशी महिलासँग नेपाली पुरुषले विवाह गरेपछि विवाह गरेको दिन देखि ७ वर्षसम्म विदेशी महिलाले नेपाली नागरिकता नपाउने सवालहरु उठिरहेको सन्दर्भमा यसबाट नेपाल र भारतमा वैवाहिक परम्परामा ठूलो असर पर्ने देखिन्छ ।

हाम्रो समाजमा वैवाहिक मान्यतालाई अमुल्य ठानी विवाह गरी ल्याएका महिलालाई स-सम्मान सामाजिक, धार्मिक तथा आफ्ना सम्पूर्ण जिवनको पूर्ण भागलाई मान्यता दिई परिवारिक हिस्सा तथा जिवनको साथीको रुपमा मानवीय जिवनलाई अगाडी बढाउन सहज वातावरणको सिर्जना गर्दछ । यसै अनुरुप अहिलेको वर्तमान अवस्थामा पुरुषले अधिकांश सम्पत्तिको भाग आफ्नो श्रीमतीको नाममा राख्ने गरेको तथा श्रीमतीलाई पनि वैवाहिक रुपमा श्रीमानको सम्पत्तिमा हक पाउने अधिकार नेपाल सरकारको नीतिगत आधार रहेको सन्दर्भ लिएर अंगीकृत नागरिकताले ७ वर्षसम्म विदेशी महिलाले नागरिकता नपाएपछि श्रीमान्को सम्पत्ति देखि लिएर छोरा छोरी समेतको नागरिकता बनाउने देखि लिएर व्यवस्थापन गर्न समेत अप्ठ्यारो हुने स्थितिको सिर्जना हुन्छ ।

राज्य व्यवस्था समितिले ७ वर्षसम्म प्रस्तावित गरेको सवालहरु लिएर अहिले सर्वत्र चर्चाको विषय नागरिकता विधेयकले पाएको छ । तर अहिलेसम्म नागरिकता विधेयकले सहमति नजुटेपछि नागरिकता विधेयक पास नभएको कारणले गर्दा अहिले पनि समय छ । यस्ता विधेयक माथि राज्यको संचालन गर्ने नीति तथा निर्माताहरुलाई सोच्नुपर्ने अवस्था रहेको विधेयकले खास गरी भारतसँग वैवाहिक परम्परालाई ठूलो असर पुऱ्याउने अवस्थाको सिर्जना यदि विधेयक पास भएपछि गर्नेछ ।

नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक माथि बुधबार समितिमा गृहमन्त्री राम बहादुर थापाले राजनीतिक सहमतिका लागि केही समय माग गरेका थिए । उनले यो विधेयक एक वर्ष देखि पेन्डिङ्गमै भएकाले अझै केही समय राजनीतिक तहबाट सहमतिका लागि आवश्यक रहेको बताएका थिए । एक वर्ष देखि नागरिक विधेयक पेन्डिङ्गमा नै छ । आज यो विषय टुंग्याउने भने भै थियो तर यसलाई सहमतिमा नै टुग्याउने जरुरी छ । सरकार र राजनीतिक तहबाट सहमतिमा टुंग्याउने भनिएको छ । यो विषयमा छिटो भन्दा छिटो टुंग्याउने गरी जानुपर्छ । गृहमन्त्री थापाले बुधबार आफ्नो धारणा राख्नु भएको थियो ।

नेपाली कांग्रेसले पुरानै अवस्थामा दिने वैवाहिक अंगीकृत नागरिकतालाई यथावत राख्ने आफ्नो पक्ष राखेको सन्दर्भ लिएर मधेशी दलहरु पनि अब हुने छलफलमा पुरानै आधारमा वैवाहिक अंगीकृत नागरिकता दिने प्रावधान तिर विशेष जोड दिई सहमति ल्याउनु पर्ने देखिन्छ । यसको प्रमुख कारण के छ भने मधेशको अधिकांश जातजातिहरुको जातीय आधार भारतमा रहेको कारणले गर्दा जातीय आधारमा वैवाहिक परम्परालाई अगाडी बढाउने चलन तथा पौराणिक आस्था र विश्वास रहेकोले यदि यो विधेयकमा ७ वर्ष पछि अंगीकृत नागरिकता पाउने प्रावधानलाई संसदमा पास भएपछि नेपाल र भारतमा भइरहेको वैवाहिक परम्परामा ठूलो असर पर्नेछ । यसबाट मधेशी समुदायले पिडाको भागेदारी बन्ने अवस्था देखिन्छ ।

वर्षौ देखि विभेदीकरणको सिकार भोग्दै आएका मधेशी समुदायहरुले झन् एउटा कष्टदायकपुर्वक शासक वर्गहरुबाट नियोजित षड्यन्त्रको भागेदारी बन्ने छ । जसबाट भारतबाट मात्र होइन । अन्य मुलुकहरुबाट नेपालमा विवाह गरेर आउने महिलाहरुको अधिकार ७ वर्षसम्म बञ्चित रहने प्रस्तावित सोचलाई विसर्जन गरी राज्य व्यवस्था समितिले यस माथि पुर्नविचार गरी पुरानै अवधारणा अनुसार वैवाहिक अंगीकृत नागरिकतालाई दिने प्रावधानलाई केही परिमार्जित गरी अगाडी बढाउनु पर्ने मनसाय सर्वसाधारणहरुको रहेको छ । मधेशी दलहरुको प्रमुख कर्तव्य र जिम्मेवारी रहेको अवस्थामा यस्ता विधेयक माथि गहन छलफल गरी भोलीका दिनमा पर्ने असरहरु माथि पुर्नविचार गरी विधेयकलाई सहमतिमा ल्याउनुपर्ने उन्मुख हुनुपर्ने अवस्थाको सिर्जना गर्नुपर्छ । नत्र भोलीका दिनहरुमा विदेशी महिलाहरु नेपाली पुरुषसँग वैवाहिक परम्परामा गाँस्न समेत अप्ठ्यारो मान्ने परिस्थितिको सिर्जना हुन बेर लाग्ने छैन । यस्तो मानसिकताको उपजहरु सधैं मधेश विरोधी शासक मानसिकतामा वर्षौ देखि रहि रहेको कारणले गर्दा आज सम्पूर्ण मधेश पिडाको अनुभुति गरिरहेका छन् ।

राज्य प्रणालीमा तथा राज्य साझेदारीमा विभेदीकरणको अंशहरु थप्नै जानु सहन गर्ने अवस्था अब नरहेकोले यस्ता परिस्थितिले भोलीका दिनमा झन् अझै निरासको वातावरण सिर्जना गरी मधेशी समुदायहरुले झन् विभेदको सिकार बन्न पुग्नु बेर लाग्ने छैन । मधेशी दल तथा प्रतिपक्ष नेपाली कांग्रेस समेतले यस्ता सवालहरु माथि गम्भिर भई विचार गर्नुपर्ने अवस्था सिर्जना गर्नुपर्छ ।

# एक लाख ३८ हजार मेट्रिक टन चामल मौज्दात

काठमाडौं, ३ असार (रासस) ।

सरकारी तथा निजी क्षेत्रका व्यवसायीसँग डेढ लाख मेट्रिक टन चामल मौज्दात रहेको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले जनाएको छ । मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्कअनुसार खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडसँग १५ हजार ५९ मेट्रिक टन र निजी क्षेत्रसँग एक लाख २३ हजार २४५ मेट्रिक टन चामल मौज्दात रहेको छ ।

तथ्याङ्कअनुसार खाद्य कम्पनीसँग रहेको मौज्दात चामलमध्ये दुई हजार ९५३ मेट्रिक टन दुर्गमका २३ जिल्लामा रहेको छ । यसैगरी निजी क्षेत्रका उद्योगसँग ६० हजार मेट्रिक टन चामल मौज्दात रहेको मन्त्रालयले जनाएको छ । निजी क्षेत्रसँग रहेको ९८ हजार ५४ मेट्रिक टन धानबाट ६३ हजार २४५ मेट्रिक टन चामल उत्पादन हुने अनुमान गरी निजी क्षेत्रसँग एक लाख २३ हजार २४५ मेट्रिक टन चामल मौज्दात रहेको बताइएको छ ।

मन्त्रालयका सहप्रवक्ता उर्मिला केसीका अनुसार खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडसँग चामलसँगै ६५१ क्विन्टल फापर, ५०० क्विन्टल सिमी, ५४३ मेट्रिक टन गहुँ खरिद गरी मौज्दात राखिएको छ भने १३ मेट्रिक टन दाल तथा गेडागुडी मौज्दात रहेको छ । धान र गहुँ खरिद प्रक्रियामा रहेको जनाइएको छ ।

त्यसैगरी साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडसँग दुर्गमका जिल्लामा दुई हजार ७४८ मेट्रिक टन नुन मौज्दात रहेको र आयात प्रक्रियामा रहेको एक लाख ३६ हजार ७७५ मेट्रिक टन नुन आयात प्रक्रियामा रहेको छ । साल्ट ट्रेडिङसँग दुई हजार १६८ मेट्रिक टन चिनी र निजी उद्योगसँग ३६ हजार ४६६ गरी ३८ हजार ६३४ मेट्रिक टन चिनी मौज्दात रहेको छ । निजी क्षेत्रका व्यापारीसँग दाल, केराउ तथा चना १६ हजार ८१ मेट्रिक टन मौज्दात रहेको छ भने ८३ हजार ९६७ मेट्रिक टन खानेतेल आयात प्रक्रियामा रहेको जनाइएको छ ।

तेल उद्योगसँग १०० मेट्रिक टन पामआयल, दुई हजार ८६८ मेट्रिक टन पामोलिन तेल, एक हजार ८३० मेट्रिक टन सोयाबिन तेल, एक हजार ३६५ मेट्रिक टन सूर्यमुखी तेल मौज्दात रहेको छ । यसैगरी छ हजार ८८४ मेट्रिक टन तेल आयातको प्रक्रियामा रहेको छ भने ५३ हजार २६४ मेट्रिक टन तेल कोलकातामा मौज्दात छ ।

मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्कअनुसार नेपाल आयल निगमको थानकोट डिपोमा ३५ हजार ९२८ किलोलिटर डिजेल, सात हजार ५८ किलोलिटर पेट्रोल र एक हजार ३६० किलोलिटर मट्टितेल मौज्दात रहेको छ । यसैगरी निगमको सिनामङ्गल डिपोमा छ हजार ४२९ किलोलिटर हवाई इन्धन मौज्दात रहेको छ भने विभिन्न ग्यास उद्योगसँग एक हजार ४३२ मेट्रिक टन ग्यास मौज्दात रहेको छ ।

सहप्रवक्ता केसीका अनुसार पछिल्लो समय पेट्रोलियम पदार्थको आयातको तुलनामा बिक्री वितरणमा वृद्धि भएको छ भने खाना पकाउने ग्यासको दैनिक आयातको तुलनामा मागमा वृद्धि भएको छ ।

# गणतन्त्रले भ्रष्ट र भ्रष्टाचारलाई संरक्षित गऱ्यो



**डा.मनोज मुक्ति विवेक**

बिगत केही महिना देखि सम्पूर्ण मानबजातिलाई नै कोरोना महामारीले लकडाउन बनाएको देखिन्छ। सिंगो विश्व अक्रांत बनेको छ। मानव सभ्यता नै समाप्त हुने हो कि आशंका उब्जिएको छ। लाखौं मानिस संक्रमित बन्न पुगेका र मरेका छन। विश्व अर्थतन्त्र धाराशायी बनेको अवस्था छ। सधै चलायमान रहने विश्व अहिले कोरोना भाइरसको कारण शान्त, स्थिर र लकडाउन भएको छ। संसारको अधिकतम देशमा लकडाउन छ र मानव मानवको अस्तित्व बचाउन संघर्षरत छन। अत्याधुनिक हाथ( हतियार, रासायनिक र परमाणु बम, फाइटर जहाज र क्षेपयास्त्रहरू कोरोना संग को लडाईमा उपयोगी छैनन्। यी मानव बिनाशक अस्त्रहरू प्रयोग गरि मानवलाई बचाउन सकिदैन। बिज्ञानले मानव बिनाशक अस्त्रहरू धेरै बनाए पनि मानव बचाउने अस्त्र बनाउन खासै सफलता प्राप्त गर्न नसकेकै देखयो कोरोनाले। आधुनिक समयमा बिज्ञानले फड्को मार्यो भनेर भनिन्छ तर बिज्ञान पनि ज्ञानको अभावले पछि परेको जस्तो देखिन्छ। र हाम्रो देश नेपाल त सबभन्दा अनौठो कोरोना उपचार पणाली बिकसित गरेको देखिन्छ र त्यो हो "एयष्तिष्अवि ब्च्ययिनथ"। खै हाम्रा प्रधानमन्त्री र राष्ट्रपतिले सम्मानित संघीय संसदमा त्यस्तै त्यस्तै हुकुम बकस भएको सुनियो त ?

परापूर्व काल देखि आधुनिक कालसम्म मानव सभ्यतामाथी धेरै प्रकारका भाइरसको आंधीहरू आए। सन १३४७ मा आएको "द ब्लेक डेथ" महामारीले लगभग २०० मिलियन मान्छे मार्यो। सन १९६८ मा आएको "हंकंग फ्लू" ले लगभग ४ मिलियन मान्छे मार्यो र सन १९१८ मा आएको "स्पेनिस फ्लू" ले लगभग २ करोड भन्दा बढी मान्छे मरे। तरपनी मानवले केही सिकेन्न। शक्ति र शक्तिशाली बन्नैको लागि अरबौं खरब को लगानीमा केबल मानव बिनाशक साधन नै बनाए। मानवताको ठिकेदारहरू सजग र सचेत बन्न सकेन्न। आफ्नो फाइदाका लागि बिभिन्न बहानामा केबल युद्ध केन्द्रित नीति बनाइ युद्ध लडे। आज अन्तराष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मुल्य शुन्य छ। सुन मुल्यहिन बन्नेछन। दिनरात मानवताको पाठ पढाउनेहरू अचानक मानवता खतरामा परे भन्ने बचाउन कुनै खास योजना र औसधि बनाउन सकेन्न र बनाउन प्रोत्साहित पनि गरेन्न। जसको परिणाम आज कोरोना नामक महामारीबाट विश्वको शक्तिशाली रास्ट्रको अवस्था पनि दैनिय बनेको छ। लाखौं मान्छे मरेका छन र सायद करोडौं मर्ने छन। सबै छट्पटीएका छन तर कुनै औसधि छैन। बम(बारूद र हात(हतियार बेकामका सामग्री (धबकतभञ्वतभचच्यकि) साबित भएका छन। कोरोना फैलाएको आरोप(प्रत्यारोप चलिरहेको छ। तर अहिलेसम्म कसैले पनि यसको अचुक औसधि बनाउन सकेको छैन। कोरोना जसले र जहाँबाट फैलाएरफैलिए पनि अहिले यसको औषधि पता लगाउनु नै मुख्य कर्तव्य हो। अनावश्यक टीका टिप्पणी र बैरभाव त्यागेर एकजुट भएर कोरोनाको औसधि पता लगाउनै पर्छ नत्र परिणाम दुस्खद नै हुनेछ। स्लो बिष जस्तो रहेको यो कोरोना भाइरस छिटै नै मानव र मानवतालाई नै समाप्त गर्न सक्छ।

आफ्नै देश नेपाल्को अवस्था हेर्दा लाग्छ सायद सरकार नै छैन। ईश्वरको नाममा सपथ नखाने गणतन्त्रवादीहरूले जनतालाई भगवान पशुपतिनाथ र रामजानकी को कृपाको छायामा राखेको जस्तो देखिन्छ। कोरोनाको बिरामी प्रत्येक दिन बढी रहेका छन्। बिरामीको मृत्यु सम्म भएको छ। देशमा लकडाउन थपेको थपियै छ। र सरकारहरू द्धरछ जनाको परिवारमा दृप्रघण किलो चामल बितरण गरेर दंग छन। हरेक नेपालीले साधारण मास्क पनि पाउन सकेका छैन्न तर तीनै तहका सरकारको करोडौं करोडको बजेट सकिएको छ रे? कोरोना महामारीको कारण किसान लगायत साना ब्यापारी देखि ठुला ब्यापारीहरू पनि प्रभावित बनेका छन र सरकारी राहतको प्रतीक्षामा बसिरहेका छन तर सरकारहरू खुन चुस्ने नीति कार्यक्रमहरू उच्चारण गरिदै मख्ख छन। जनतालाई के खाने पिर छ तर सरकारलाई पानी जहाज र रेल गुडाउने रहर छ। कोरोना महामारीको संकटको बेला पनि सरकार जनताको हुन सकेको छैन। आम जनतालाई केन्द्रित गरि नीति र कार्यक्रम किन बनाउन सकेन ? अब हुने भोकमरी र संकटको बिषयमा सरकारले आफ्नो मुख बन्द गरेर देशलाई अंध्यारोमा कुदाइरहेको देखिन्छ। देश बिकास र समृद्धिका भ्mठा नारा दिई गणतन्त्रको आयु मात्र लम्ब्याउने असफल प्रयास गर्न खोजिदैछ। भनिन्छ, आँखालाई परेलाको बोभm हुँदैन तर गणतन्त्रको लचार सरकारलाई अब जनता बोभm लाग्न थालेको छ। स्वास्थ सुबिधा र स्वास्थ्यकर्मीलाई उच्च प्राथमिकता र उच्च मनोबल दिनु पर्ने ठाउँमा सरकार चुप छ। गुणस्तरीय खाना र स्वास्थ सुबिधा माग्ने आज सरकारको शत्रु हुन। मतलब गणतन्त्रमा नेपालीको जिवनमा गुणात्मक परिवर्तन सम्भव छैन।

सुन्दर, शान्त र संसारको एकमात्र हिन्दु देश नेपाललाई बिदेशीहरूको इशारामा गणतन्त्रको नाममा रक्तपात गरियो। सुन्दर र शान्त देशलाई कुरूप बनाइयो। नेपाल र नेपालीको एकता र समृद्धिको स्तम्भलाई नै भत्काइ एकलौटी रजाइँ गर्ने नश्लीय सोंचका साथ गणतन्त्रको स्थापना गरिएको देखियो। देश नै बनाएको र सदैव देश र जनताको रक्षाको जिम्मेवारी लिएको राजा र राजपरिवारलाई निशेध गरियो तर गणतन्त्रको अनुयायीहरू सत्तामा पुग्ने बितिकै हिटलरवादी सोच र रवैयाबाट आफुलाई बचाउन सकेन्न। हृदय सफा नभए पनि सफा र सेतो पोशाक लगाइ कुकर्महरू गरिरहेको छर्लङ्ग नै छ। आज देशको जनताले एउटा राजा र एउटा कुकर्मी, भ्रष्ट नेता बिचको अन्तर राम्ररी बुभ्mन थालेका छन। त्यसैले गणतन्त्र अब केही दिनको पाहुना जस्तो भान हुँदैछ। यो अवैज्ञानिक असमावेशी संघीयता बोभm बनिसकेको छ र धर्मनिरपेक्षता गन्हाउन लागेको छ।

कोरोना भाइरस कै समगोत्री गणतन्त्र नामक भाइरसले नेपाल र नेपालीको मूल नै नस्ट गर्ने लागेको बेला कोरोना नामक भाइरसले हाम्रो अस्तित्व नै खत्म गर्ने हो कि आशंका जन्मेको छ। सरकारहरू पुर्णतः असफल, अयोग्य र असक्षम भएको प्रमाणित भएको अवस्था छ। यस्तो कठिन अबस्थामा स्व(विवेक प्रयोग गरि आत्म(समीक आम गर्दै भुल(सुधारका साथ अगाडी बढ्नुपर्ने जिम्मेवारी नेपाली माथी नै छ। बिदेशीले देशको सिमा र राष्ट्रिय धरोहरहरू कब्जा गरेको अबस्थामा पनि प्रभुको सामुने चु पनि गर्न नसकेको निकम्मा ब्यबस्था र सरकार फाल्ने काम अब निश्चित आम नेपालीको नै हो। कोईपनी दुधले नुहाएका छैन्न। कसैलाई भारत प्यारो छ, कसैलाई अमेरिका त कसैलाई चीन तर शाह वंशलाई मात्रै नेपाल प्यारो छ। यो कुरा प्रत्येक नेतालाई पनि थाहै छ। तर चुडैलसंग प्रेम भयो भने परि त्यसको आगाडी केही हैन जस्तो छ। जनताको प्रेमले गणतन्त्र ल्याईएको होईन रहेछ, विदेशी प्रभुहरूको स्वार्थ(सिद्धीका लागि पद, पावर र पैसा कै प्रेममा परि देशमा गणतन्त्र ल्याइएको हो रहेछ ! के गणतन्त्रमा जताततै भ्रष्टाचार ब्याप्त छैन त ? गरिबी र असुरक्षा ? गणतन्त्रले बास्तवमा आम जनतालाइ के नै दियो त ? गणतन्त्रले भ्रष्ट र भ्रष्टाचारलाई संरक्षित गरे। जनतालाई उदास र दुखी बनाए। युवालाई बेरोजगारी र किसानलाई भुमिहिन बनाए। महिलालाई सम्मानको बदलामा हदैसम्मको पीडा र अपमान। पिछडालाइ गोलि हानी चुप गराइयो। यी बेथितिहरू हेरेर वीरहरूका आँखा रसाएका छन। सच्चा क्रान्तिकारीलाई पछुतो छ र आम नेपाली लज्जित छन। अब गणतन्त्रको उच्चतम रूप जनतन्त्र स्थापना गरि देशलाइ समृध बनाइ आधुनिक युगको बिज्ञान र ज्ञानसंग कांधमा कांध मिलाउन आम मुक्तिकामी जनसमुदाय एकजुट भै अगाडि बढ्नु पर्ने आजको समयको माग हो। बिगत ७० वर्षको लामो राजनीतिक अस्थिरताले देशमा ल्याएको बिकासको लकडाउनलाई अन्त्यगरी बिकसित, सभ्य र शिक्षित देश निर्माणको साथै नेपाल र नेपालीको गुमेको पहिचान फिर्ता ल्याउन उच्चतम जनतान्त्रिक शासन ब्यबस्था नै समय सान्दर्भिक र माटो सुहाउँदो हो। देश बचेमात्र हामी बाचछौं। नेपाल रहे मात्र नेपाली रहन्छ ! आउ सबै मिली "राष्ट्र बचाउ अभियान" मा स्वतन्त्र र स्वस्फूर्त रूपले एक्यवद्धता जनाउँ !! जय जनता जय जनतन्त्र !! *(मधेश दर्पण फिचर सेवा)*

# पत्रकारलाई सेवाबाट निष्काशन नगर्न आग्रह

काठमाडौं, ३ असार (रासस)। नेपाल पत्रकार महासङ्घले विभिन्न सञ्चार गृहले कोभिड-१९ को कारण देखाउँदै श्रमजीवी पत्रकारलाई सेवाबाट निष्काशन नगर्न आग्रह गरेको छ। महासङ्घको मङ्गलबार सम्पन्न केन्द्रीय समितिको उपलब्ध पदाधिकारी तथा सदस्यको बैठकपछि विज्ञप्ति जारी गर्दै महासङ्घले सो आग्रह गरेको हो।

कोभिड-१९को कारण देखाउँदै सञ्चार माध्यमले श्रमजीवी पत्रकारलाई तलब नदिने, तोकिएको पारिश्रमिक एकतर्फी ढङ्गले कटौती गर्ने, विभिन्न बहाना देखाएर काम गर्ने वातावरण बन्न नदिने र राजिनामा दिन दबाब दिने जस्ता कार्य जारी राखेकाले त्यसका विरुद्ध आन्दोलनमा जाने निर्णय गरेको विज्ञप्तिमा जनाइएको छ।

महासङ्घले एक साताभित्र सम्बन्धित सञ्चार प्रतिष्ठानलाई श्रमजीवी पत्रकार विरुद्धका सबैखाले गतिविधि बन्द गर्न, श्रमजीवी पत्रकार ऐनको पूर्ण पालना गर्न र सोको जानकारी महासङ्घलाई गराउनसमेत आग्रह गरेको छ। एक साताभित्र श्रमजीवी पत्रकारका समस्या समाधान नभए महासङ्घले चरणवद्ध आन्दोलनका कार्यक्रम अघि बढाउन बाध्य हुने विज्ञप्तीमा उल्लेख गरिएको छ।

श्रमजीवी पत्रकारको पेशागत रक्षाका लागि हुने आन्दोलनलाई सफल बनाउन महासङ्घले सबै प्रदेश समिति, जिल्ला तथा प्रतिष्ठान शाखा र एसोसियट संस्थासहित सञ्चारसम्बद्ध सबै सङ्घ-संस्थामा अपिल गरेको छ।

## विश्व समाचार

### कोरोना भाइरसबाट विश्वमा ४ लाख ४६ हजारभन्दा बढीको मृत्यु, ८२ लाख ६५ हजारभन्दा बढी संक्रमित

जेनेभा स्वीट्जरल्याण्ड, ३ असार (रासस/एएफपी)।

कोभिड- १९ बाट विश्वभर मृत्यु हुने व्यक्तिको सङ्ख्या चार लाख ४६ हजार १८० पुगेको छ। साथै यस सङ्क्रमणबाट विश्वभर ८२ लाख ६५ हजार ९३२ जना सङ्क्रमित भएका विश्व स्वास्थ्य सङ्गठन ( डब्लुएचओ) द्वारा आफ्नो दैनिक प्रेस विज्ञप्तिमा जानकारी दिइएको छ। नेपाली समयानुसार बुधबारसम्म प्राप्त समाचारअनुसार कोरोना भाइरसका कारण बिरामी भएका ४३ लाख २३ हजार ७३ जना निको भएका छन्। हाल विश्वभरमा कोरोना भाइरस सङ्क्रमित करिब ३५ लाख व्यक्ति उपचाररत रहेका छन्। सङ्क्रमितहरुमा ५४ हजार ५९२ जनाको अवस्था गम्भीर रहेको जनाइएको छ।

चीनको हुबे प्रान्तको वुहान शहरबाट गत वर्षको डिसेम्बरको अन्त्यबाट शुरु भएको कोरोना भाइरस सङ्क्रमणको कारण अमेरिका सबैभन्दा बढी प्रभावित भएको छ। डब्लुएचओका अनुसार संयुक्त राज्य अमेरिकामा मात्र २२ लाख आठ हजार ४०० जनामा कोरोना भाइरसका सङ्क्रमित रहेका छन्। यस प्रकोपका कारण अमेरिकामा एक लाख १९ हजार १३२ व्यक्तिको मृत्यु भइसकेको बताइएको छ। दक्षिण अमेरिकामा १५ लाख १४ हजार ४९८ जना कोरोना भाइरस सङ्क्रमति रहेका छन्। यहाँ ६३ हजार २९० जनाको मृत्यु भएको छ। उत्तर अमेरिकामा २५ लाख ४५ हजार २३१ जना कोरोना भाइरस सङ्क्रमति रहेका छन्। यहाँ एक लाख ४७ हजार ८९५ जनाको मृत्यु भएको छ।

युरोपमा २२ लाख ३५ हजार ९७० जना कोरोना भाइरस सङ्क्रमित रहेका छन् भने एक लाख ८३ हजार ९९८ को मृत्यु भएको छ। एसियामा १६ लाख ९८ हजार ५९९ जनामा कोरोना भाइरस सङ्क्रमण रहेको छ भने, ४३ हजार ८१२ जनाको मृत्यु भएको छ। अफ्रिकामा २ लाख ६१ हजार ९३९ जनामा कोरोना भाइरस सङ्क्रमण रहेको छ भने ७ हजार ४६ जनाको मृत्यु भएको छ। ओसियानामा ८ हजार ९८३ जनामा कोरोना भाइरस सङ्क्रमण रहेको छ भने १२४ जनाको मृत्यु भएको छ।

### कोरोना भाइरसबाट भारतमा एकैदिनमा दुई हजारको मृत्यु

नयाँदिल्ली, ३ असार (रासस/एएनआई)।

भारतमा २४ घण्टाभित्र कोरोनाभाइरसबाट मृत्यु भएकाहरुको संख्या एक्कासी बढेको छ। अघिल्ला दिनहरुमा मृत्यु हुनेहरुको विवरण सयको संख्यामा आउने गरेकोमा बुधबार हजारको संख्यामा आएको छ। भारतका स्वास्थ्य अधिकारीहरुले बुधबार बिहान दिएको जानकारीअनुसार पछिल्लो २४ घण्टामा कोरोनाभाइरसका कारण मृत्यु भएकाहरुको संख्या २ हजार ३ रहेको छ। अघिल्लो दिन मङ्गलबार बिहान उक्त मन्त्रालयले दिएको जानकारी अनुसार २४ घण्टामा ३८० जनाको मृत्यु भएको थियो। योसँगै भारतमा अहिलेसम्म कोरोनाभाइरसका कारण मृत्यु भएकाहरुको कुल संख्या ११ हजार ९०३ पुगेको छ।

त्यसैगरी पछिल्लो २४ घण्टामा भारतमा १० हजार ९७४ जना कोरोनाभाइरसबाट सङ्क्रमित भएका छन्। भारतमा अहिलेसम्म कुल सङ्क्रमितको संख्या ३ लाख ५४ हजार ६५ पुगेको अधिकारीहरुले जनाएका छन्। स्वास्थ्य अधिकारीहरुका अनुसार भारतमा अहिले पनि १ लाख ५५ हजार २२७ जना सङ्क्रमित अवस्थामै रहेका छन् भने अरु १ लाख ८६ हजार ३९५ जना सङ्क्रमणमुक्त भएका छन्। भारतको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले कोरोनाभाइरसका कारण मृतकको संख्या एक्कासी बढेकोप्रति चिन्ता व्यक्त गरेको छ।

भारतमा प्रदेश अनुसार हेर्दा सबैभन्दा धेरै सङ्क्रमित महाराष्ट्र प्रदेशमा रहेका छन्। यस प्रदेशमा अहिलेसम्म १ लाख १३ हजार ४४५ जना सङ्क्रमित भएको अधिकारीहरुले जनाएका छन्। ती मध्ये कुल ५० हजार ५७ जना अझै पनि सङ्क्रमित अवस्थामै रहेका छन् भने अरु ५७ हजार ८५१ जना सङ्क्रमणमुक्त भइसकेका छन्। त्यसैगरी दोस्रो धेरै सङ्क्रमित रहेको तमिलनाडु प्रदेशमा ४८ हजार १९ जना रहेका छन्। राजधानी रहेको दिल्ली प्रदेशमा ४४ हजार ६८८ जना सङ्क्रमित भएका छन्।

### भारत चीनबीचको सीमामा भएको हिंसाप्रति संयुक्त राष्ट्रसंघको चासो

नयाँ दिल्ली, ३ असार (रासस/एएनआई)।

भारत र चीनबीचको सीमामा भएको हिंसाप्रति संयुक्त राष्ट्रसंघको चासो व्यक्त गरेको बताइएको छ। संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले सो विषयमा चासो व्यक्त गर्नुभएको हो। भारत र चीनबीचको सीमामा भएको विवाद र सैनिक झडपमा परी २० जना भारतीय सैनिकको ज्यान गएको बताइएको थियो। साथै संयुक्त राष्ट्रसंघका महासचिवले सो विषयमा वार्ताको माध्यमबाट विवादको समाधान खोज्नका लागि पनि आह्वान गर्नुभएको बताइएको छ।

संयुक्त राष्ट्रसंघका महासचिव गुटेरेसकोतर्फबाट सहायक प्रवक्ताद्वारा जारी गरिएको विज्ञप्तिमा भनिएको छ- भारत र चीनबीचको सो विवादमा केही सैनिक हताहत भएको समाचार पनि हामीले सुनेको छौं, हामीले परिस्थितिलाई थप उत्तेजक नबनाइ वार्ताको माध्यमबाट समाधान खोज्न दुवै पक्षलाई आग्रह गर्दछौं। भारत र चीनबीचको ग्वालन भ्यालीस्थित लदाखमा यही जुन १५ को राति भारत र चीनका सीमा सुरक्षा सैनिकबीच झडप भएको बताइएको छ। सो झडपमा परेर भारतका कम्तीमा पनि २० जना सैनिकको ज्यान गएको भारतले जनाएको छ। त्यस्तै चीनले पनि आफ्ना सैनिक मारिएको जनाएको छ। चीनका उप विदेशमन्त्री लुओ जाहोइ र चीनका लागि भारतका राजदूत विक्रम मिश्रीबीच बुधबार चीनको राजधानी बेइजिङमा भेटवार्ता भएको बताइएको छ।

# ३५ क्विन्टल छोकडा बरामद

**दैनिक समाचारदाता**
**बारा, ३ असार ।**

बारा जिल्लाको विश्रामपुर गाउँपालिका ४ बलिरामपुर टोलको बाटो हुँदै नेपालबाट भारततर्फ चोरी निकासीका लागि लगिदै गरेको ठूलो मात्रामा छोकडा प्रहरीले बरामद गरेको छ ।

जिल्ला प्रहरी कार्यालय बाराबाट खटिएको प्रहरी टोलिले जिल्ला बारा विश्रामपुर गाउँपालिका ४ बलिरामपुर टोलस्थित दशगजा क्षेत्र नजिकै सुरेन्द्र साहको घर छेउमा भारततर्फ चोरी निकासीको लागी तस्करहरूले थुपारी राखेको ५ लाख २५ हजार मुल्य बराबरको ३५ क्विन्टल छोकडा प्रहरीले बरामद गरेको हो ।



तस्करहरूले थुपारी राखेको ३५ क्विन्टल छोकडा प्रहरीले विशेष सूचनाको आधारमा बरामद गरेको प्रदेश २ प्रहरी कार्यालय जनकपुरले जनाएको छ ।

## नेपालमा कोरोना ...

धरानमा भएको परीक्षणमा ५ जना, विराटनगरमा भएको परीक्षणमा ११ जना, जनकपुरमा भएको परीक्षणमा २७ जना, विरगञ्जमा भएको परीक्षणमा ६ जना, टेकुमा भएको परीक्षणमा २ सय ६५ जनाको रिपोर्ट पोजेटिभ आएको छ । भरतपुर अस्पतालमा भएको परीक्षणमा ३, धुलिखेल अस्पतालमा ९९ जनाको पोजेटिभ आएको छ ।

यस्तै शिक्षण अस्पतालमा भएको परीक्षणमा १, पोखरामा भएको परीक्षणमा २० जना, रुपन्देहीमा भएको परीक्षणमा ५९ जना, भेरी अस्पतालमा भएको परीक्षणमा ३२ जना, दाङमा भएको परीक्षणमा ३३ जना र सुर्खेतमा भएको परीक्षणमा ४ जनामा पोजेटिभ देखिएको छ ।

त्यसैगरी जुम्लामा भएको परीक्षणमा १४ जना, कैलालीमा भएको परीक्षणमा ७ जनाको पोजेटिभ देखिएको छ । नेपालमा बुधबारसम्म २० जनाको भने कोरोना संक्रमणका कारण मृत्यु भएको मन्त्रालयले जानकारी दिएको छ ।

यता सप्तरीमा भने बुधबार एक जनामा पनि संक्रमित नदेखिएको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जानकारी दिएको छ । सप्तरीमा हालसम्म १ सय ५१ जनामा संक्रमण भेटिएको छ ।

## सरकारबिरुद्ध ...



भागको परिक्रमा पश्चात् गजेन्द्र चौकमा पुगि सरकारबिरुद्ध प्लेकार्डसहित प्रदर्शन गरेका थिए ।

अघिल्लो दिन नेपाली काँग्रेसले पनि अस्तव्यस्त बनेको क्वारेन्टाइनलाई व्यवस्थित गर्नु पर्ने तथा लकडाउनले बेहाल बनेका जनताको आवश्यकताका विषयलाई प्राथमिकताका साथ सम्बोधन गर्न प्रमुख जिल्ला अधिकारी मार्फत ज्ञापन पठाएको थियो ।

# टेलिकमले बिलम्ब शुल्क मिनाहा गर्ने

काठमाडौँ, ३ असार (रासस) ।

कोभिड-१९ का कारण भएको बन्दाबन्दीमा नेपाल टेलिकमको शुल्क तिर्न नसकेका ग्राहकलाई असार ७ गतेसम्म बिलम्ब शुल्क मिनाहा गर्ने भएको छ । कम्पनीका सेवा प्रयोग गरेवापत तिर्नुपर्ने महसुल बुझाउने ग्राहकलाई यही असार ८ गतदेखि महसुलमा नियमानुसार बिलम्ब शुल्क लागू हुने टेलिकमका प्रवक्ता राजेश जोशीले जारी गर्नुभएको विज्ञप्तिमा उल्लेख छ ।

यसैगरी जिएसएम मोबाइल डाटा सेवा र सिडीएमए मोबाइल डाटा सेवाको आधारभूत दरमा उपलब्ध गराइएको क्रमशः ३० प्रतिशत र २७ प्रतिशत छुट अन्त्य गरी असार १ गतेदेखि नियमित शुल्क नै लागू गरिएको छ ।

टेलिकमले ग्राहकवर्गलाई भ्वाइस तथा डाटा सेवामा उपलब्ध गराउँदै आएको स्टे कनेक्टेड अफर भने कायमै रहेको प्रवक्ता जोशीले बताउनुभयो । नेपाल दूरसञ्चार प्राधिकरण र टेलिकमबीच २०७४ वैशाख २१ गते ब्रोडब्यान्ड इन्टरनेट प्रोजेक्टका लागि भएको सम्झौताअनुसार भूकम्प प्रभावित चार जिल्ला नुवाकोट, रसुवा, काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोकका ७६० स्थानमा कम्पनीले दुई वर्षका लागि ब्रोडब्यान्ड इन्टरनेट सेवा निःशुल्क जडान तथा मर्मत सुविधा प्रदान गरेको थियो ।

ती स्थानलाई नेपाल सरकारले कोभिड-१९ सँग सम्बन्धित क्वारेन्टिनस्थल बनाएकाले प्राधिकरणको अनुरोधमा २०७६ चैत २३ गतेदेखि दुई महिना समयावधि राखी सेवा सञ्चालन गरिएकोमा जेठ ३० गतेदेखि लागू हुने गरी पुनः दुई महिना निःशुल्क सेवा उपलब्ध गराउने निर्णय भएको जनाइएको छ ।

कम्पनीले एफटिटीएच सेवाको मर्मतसम्बन्धी गुनासो व्यवस्थापन असार १ गतेदेखि नै शुरु गरेको छ । एउटै लाइनबाट फोन, डाटा र टिभी सेवासमेत उपलब्ध गराउन सकिने एफटिटीएच सेवाको मर्मतसम्बन्धी गुनासोका लागि १९८ मा डायल गरेपछि विभिन्न विकल्पमध्ये चार नम्बर थिची बिहान ८ देखि साँझ ६ बजेसम्म सिधै अपरेटरलाई गुनासो टिपाउन सकिने छ ।


बन्दाबन्दीको अवधिमा भ्वाइस र डाटा सेवाप्रति ग्राहकको आकर्षण बढेको छ । भ्वाइस र डाटा उपयोगमा वृद्धि भएको तथा हाल एफटिटीएच सेवामार्फत उपलब्ध हुने डाट सेवाको मागमा समेत वृद्धि भइरहेको टेलिकमले जनाएको छ ।


NOVEL CORONA VIRUS (nCOV)
सर्वसाधारणका लागि जनचेतनामुलक संदेश

नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू


ज्वरो
(१००.४°F भन्दा माथि)


श्वास प्रश्वासमा अत्याधिक समस्या


रुघा र खोकी

"नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।"

नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने?

नियमित रूपमा साबुन-पानीले हात धुने ।


खोक्दा र हाच्छ्युं गर्दा नाक र मुख छोप्ने ।


फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।


फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।


जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने।


पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने ।


नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


## दररेट सुची कोटेशन आब्हान सम्बन्धी सुचना

*प्रकाशित मिति : २०७७/०३/०४*

तपेश्वरी समाज कल्याण संघ, राजबिराज -५ (हाल-८) ले हरवा चरवा सशक्तिकरण कार्यक्रम अर्न्तगत Corona Virus (COVID-19) को कारणले नेपाल सरकारद्वारा गरिएको लकडाउनले गर्दा कार्यक्रमसंग सम्बन्धित अति बिपन्न १५३ हरवा चरवा परिबारलाई राहत बितरण गर्नुपर्ने भएकोले ईच्छुक फर्म, कम्पनी, ट्रेर्डस तथा आपुर्तिकर्ता लगायतले यो सुचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र आबश्यक कागजहरु सहित दररेट सूची कोटेशन पेश गर्न आब्हान गरिन्छ ।

**आवश्यक सामाग्रिहरु**

१. चामल : सोना मन्सुली २५ किलोको १५३ बोरा (३८२५ किलो)
२. दाल : मसुरो ३०६ किलो
३. तोरीको तेल : १५३ लिटर
४. नुन : १५३ किलो
५. आलु : ७६५ किलो
६. सोयाबिन : ७६.५ किलो
७. नुहाउने साबुन : ६२० पिस
८. ह्यान्ड स्यानिटाईजर : २००ml को १६० बोतल र १ लिटरको २ बोतल
९. फेस मास्क : ६२५ पिस

सेवा प्रदायकहरुले आबश्यक कागजातहरु समेत संलग्न राखी दररेट सूची कोटेशन सूचना प्रकाशित मितिले ७ दिन भित्र कार्यालय समय अनुसार यस संस्थामा पठाउन अनुरोघ छ ।

**तपेश्वरी समाज कल्याण संघ**
**राजबिराज-५ (हाल-८)**
**सम्पर्क नं. ०३१-५२३८२३**
**इमेल: tswo.nepal@gmail.com**


देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु →
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money CHAUDHARY GROUP


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*